# श्रीमती कान्छी माया किन मरिन् ?





श्री ५ को सरकार,
स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा
विश्व स्वास्थ्य संघ


# श्रीमती कान्छी माया किन मरिन् ?




श्री ५ को सरकार,
स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा
विश्व स्वास्थ्य संघ

# श्रीमती कान्छी माया किन मरिन् ?






एउटा दुर्गम जिल्लामा कान्छी माया नाम गरेकी एक दुई जीउकी आमाको मृत्यु भयो। श्रीमती कान्छी मायाको मृत्यु प्रशवको बेला जिल्ला अस्पतालमा भएको थियो। डाक्टरको निदानमा कान्छी मायाको प्रशव पूर्व धेरै रगत बग्न गई मृत्यु भएको ठहर भयो। यस्तो स्थिति साल ठिक ठाउँमा नबसि पाठेघरको मुखमा वा मुख नजिक (Placenta Praevia) रहन गएमा पैदा हुन्छ र यसो भएमा प्रशव हुने समयमा निश्चित रुपमा रक्तश्राव हुने गर्दछ। डाक्टरलाई केसको निदान प्रति सन्तोष थियो। त्यसैले अन्तर्राष्ट्रिय रोगको वर्गीकरण अनुसार उचित संकेत नम्बर दिई श्रीमती कान्छी मायाको फाईल बन्द गरे।

तर प्रसूती सेवा समितिले डाक्टरको निदानलाई सन्तोषजनक मानेन र कान्छी मायाको मृत्युको वास्तविक कारण थाहा पाउन समितिले गोप्य खोजनिती शुरु गऱ्यो। श्रीमती कान्छी मायाको मृत्युको कारणहरुका सम्बन्धमा समितिले गोप्य खोजिनिती गर्दा अन्तर्राष्ट्रिय स्त्री रोग तथा प्रसूती सेवा फेड्रेशनले तय गरेको मापदण्ड अनुसार गरेको थियो ।

श्रीमती कान्छी मायाको फाईल पुन: खोली समितिले अभिलेखहरुको बिस्तृत अध्ययन शुरु गऱ्यो र फाइल अध्ययन गर्दैजाँदा दुईवटा घतलाग्दा कुराहरु फेला पारे ।



★ पहिलो कुरा, श्रीमती कान्छीमायालाई एकदमै धेरै एत्तरश्राव भएको कारणबाट वेहोस (Shock) भएको अवस्थामा अस्पतालमा भर्ना गरी आधा लीटर (५०० सि.सि.) मात्र रगत दिइएको थियो जुन उनको शरीरबाट खेर गए जति रगत परिपूर्तिको लागि एकदमै नपुग थियो ।

★ दोश्रो कुरा श्रीमती कान्छी मायाको रक्तश्राव रोक्न शल्यकृया गर्नु पर्ने थियो तर अस्पतालमा भर्ना भएको तीन घण्टा पछि मात्र अपरेशन शुरु गरिएको थियो र शल्यकृया गर्दा गर्दै उनको मृत्यु भएको थियो ।


फाईल अध्ययन पछि समितिले श्रीमती कान्छी मायालाई मृत्युबाट बचाउन सकिने अवस्था रहेछ भनि ठहर गऱ्यो । यदि अस्पतालमा आवश्यक परिमाणमा रगत तत्काल प्राप्त भएको भए र अस्पतालमा आकस्मिक सेवाको लागि समुचित तयारी भएको भए, कान्छी मायाको मृत्यु हुने थिएन । तर कथा यत्तिकैमा टुङ्ग्याउन मिल्दैन, कान्छी माया अस्पताल पुग्दा किन वेहोस अवस्थामा थिइन त ? यस जिज्ञासाको उत्तर हामी कान्छी मायाको गाउँमा गएर पाउँछौं ।



गाउँमा यातायतको असुविधाले गर्दा श्रीमती कान्छी मायालाई अस्पतालसम्म पुऱ्याउन चार घण्टा लाग्यो । तर यहाँ अर्को प्रश्न पनि आउँछ -के कान्छीमायालाई रक्तश्राव भएर अस्पताल पुऱ्याउँदा लागेको चार घण्टाको समय नै बेहोसीको कारण थियो त ?

कान्छी मायाको यसरी रगत बगेको यो पहिलो पटक थिएन, यस भन्दा पहिले पनि यसै महिनामा उनको दुई पटक अलि अलि रक्तश्राव भएको थियो, तर दुवै पल्ट रक्तश्राव आफै बन्द भएको हुनाले उनले त्यति वास्ता गरिनन् । गर्भको महिना पुग्ने समयमा यसरी रगत बग्नु ज्यादै खतरनाक चिन्ह हो र यसले कुनै पनि बेला अत्यधिक रक्तश्राव हुन सक्ने कुराको संकेत गर्दछ । तर यस सम्बन्धमा श्रीमती कान्छी मायालाई कसैले पनि सावधान गराएन र बेलैमा होशियारी पनि अपनाइएन ।







त्यति मात्र होइन, कान्छीमाया पहिला देखि नै त्यति स्वथ्य थिइनन् । तिनी गर्भावस्था भन्दा पहिलादेखि नै लामो समयदेखि आइरनको कमीबाट हुने रक्तअल्पताबाट ग्रसित थिईन जुन कुपोषण र अंकुसे जुकाको संक्रमणले गर्दा भएको थियो । यसले गर्दा उनको शरीरमा पहिले देखि नै रगतको मात्रा ज्यादै नै कम थियो । श्रीमती कान्छी मायाले गर्भावस्थामा कहिलै पनि पूर्व प्रसूती सेवा तथा हेरचाह पाइनन् ।

उनी ३९ वर्षकी थिइन् । उनका ३ छोरा र २ छोरी गरी जम्मा ५ जना केटा केटीहरु थिए । वास्तवमा उनलाई अर्को बच्चापाउने चाहना पनि थिएन । साथसाथै, उनको छिप्पिदै गएको उमेर र धेरै बच्चाहरु जन्माइसकेकी हुँदा अब फेरि पनि गर्भवती हुनु धेरै नै जोखिमपूर्ण थियो ।












श्रीमती कान्छी माया दुर्गम क्षेत्रमा बस्ने भएकीले उनीलाई परिवार नियोजन सम्बन्धी सूचना शिक्षा र सेवा उपलब्ध भएनन् । उनले जिन्दगीमा कहिल्यै पनि परिवार नियोजनका साधनहरु प्रयोग गरेकी थिइनन् । यदि उनीले परिवार नियोजन बारे जानकारी र सेवा पाएकी भए नचाहँदा नचाहँदै पनि उनको यो गर्भ रहने थिएन जसको कारणले उनले ज्यान समेत गुमाउनु पर्‍यो ।






श्रीमती कान्छी माया एक गरिब किसानकी श्रीमती थिइन ।








उनी एक अनपढ महिला थिइन् ।

उनी एक दुर्गम गाउँमा आफ्नो लोग्नेसँग बस्ने गर्थिन् ।









श्रीमती कान्छी मायाको जस्तै महिलाको सामाजिक तथा आर्थिक अवस्थासँग पनि मातृ मृत्युको सम्बन्ध रहन्छ । कमजोर आर्थिक तथा सामाजिक स्थिति भएका महिलाहरुमा मातृ मृत्युको जोखिम मुलुकमा अन्य महिलाहरुमा भन्दा पाँच गुणा बढी भएको पाइन्छ ।







त्यस्तै माथिल्लो स्तरको आर्थिक तथा सामाजिक स्थिति भएका स्वेदशी महिलाको तुलनामा १० गुणा बढी हुन्छ । विकसित देशका महिलाहरुको तुलनामा भने मातृ मृत्यु हुने खतरा १०० गुणा बढी हुन्छ ।












श्रीमती कान्छी मायाको मृत्यु हुनाको वास्तविक कारण उनको आर्थिक तथा सामाजिक अवस्था थियो ।


श्रीमती कान्छी मायाको मृत्यु गरिवीको कारणले भएको थियो ।
श्रीमती कान्छी मायाको मृत्यु अज्ञानताको कारणबाट भएको थियो ।

श्रीमती कान्छी मायाको मृत्यु सामाजिक न्यायको अभावले भएको थियो ।







यदि श्रीमती कान्छी मायाले पढेलेखेकी, कमाउन पनि सक्ने र समाजिक न्यायका आधारमा उचित पोषिलो खाना खान पाएकी भए उनको मृत्यु हुने जोखिम धेरै नै कम हुने थियो ।




कीराना पसल



मातृ मृत्युका पछाडी विभिन्न किसिमका कारणहरु छन् भन्ने कुरा स्पष्ट छ । नेपालको परिप्रेक्षमा कान्छी माया र यस्तै अरु कयौं कान्छी मायाहरु किन मर्ने गर्दछन् भन्ने प्रश्नको उत्तर पाउन यी सबै कुराहरु माथि गम्भीरतापूर्वक विचार पुऱ्याउनु पर्ने हुन्छ । अर्को शब्दमा भन्ने हो भने वास्तवमा श्रीमती कान्छी मायाको कथालाई अर्के रुपमा पुनः संरचना गर्न आवश्यक छ ।




हामीहरुले श्रीमती कान्छी मायाका पाईला पाईला पछ्याउँदै एउटा रेखा खिच्नु परेको छ, जसलाई जो कहिले मातृ मृत्युको बाटो भनेर बयान गर्न सक्नेछन् ।





श्रीमती कान्छी माया आफैले मातृ मृत्युको बाटो समातेकी थिईनन् । उनलाई त उनी जन्मेर हुर्केको समुदायको कमजोर सामाजिक तथा आर्थिक स्थितिले मृत्युको बाटोमा पुऱ्याएको थियो । तर समुदायको सामान्य आर्थिक तथा सामाजिक अवस्था मात्र पनि सबै कुरा होइन । समुदायका सबै सदस्यहरुमा आर्थिक एवं सामाजिक बिकासको प्रतिफल समान रुपमा वितरण गर्ने अझ बढी महत्वपूर्ण कुरा हो। श्रीमती कान्छी मायाले उनको समुदायमा जे जति आर्थिक एवं सामाजिक विकास भएको थियो त्यसको पनि पाउनुपर्ने जति प्रतिफल पाएकी थिइनन् ।

श्रीमती कान्छी मायालाई मृत्युको बाटोबाट बाहिर ल्याउन सकिने उपाय थिए । यदि उनले लेख पढ गर्ने अवसर पाएको भए र लाभपूर्ण रोजगारीको अवसरका साथै समुचित पोषण उपभोग गर्न पाएकी भए मातृ मृत्युको बाटोबाट उनी टाढै हुन्थिन होला । दुर्भाग्यबस श्रीमती कान्छी मायालाई यी अवसरहरु उपलब्ध भएनन् र मृत्युको बाटोमा अगाडि बढ्न बाध्य हुनु पर्‍यो । श्रीमती कान्छी मायालाई मृत्युको बाटोमा डोर्‍याउने अर्को कारण धेरै सन्तान जन्माउनु पनि थियो । उनी सामाजिक मान्यता अनुसार बच्चा जन्माउँदै गइन् उमेर छिप्पिदै गयो, साथै संख्या पनि बढदै गयो । अनि गर्भ र प्रशवको कारणले गर्भावस्था र प्रसूती हुँदा मृत्यु हुन सक्ने जोखिम पनि बढ्दै गयो ।





अझै पनि मृत्युबाट उम्कने उपाय थियो । यदि श्रीमती कान्छी मायाले परिवार नियोजन सम्बधि जानकारी प्राप्त गर्ने अवसर पाएकी भए साथै सेवाहरु उपभोग गर्न सक्ने अवसरहरु पाएकी र साधन अपनाएकी भए खतरापूर्ण मातृ मृत्युको बाटोबाट उनी उम्कन सक्ने थिइन होला ।

छिप्पिएको उमेर, पहिले नै धेरै पटक गर्भधारण गरिसकेकी, पोषिलो खाना खान नपाएकी र शरीरमा रगतको मात्रा धेरै नै कम भएको अवस्थामा कान्छी माया पुन: गर्भवती भईन जुन गर्भ एकदमै जोखिमपूर्ण भयो । यस अवस्थाबाट पनि उम्कन सक्ने अरु उपायहरु थिए ।





यदि समुदायमा आधारित पूर्व प्रसूती सेवाहरु उपलब्ध भएको भए कान्छी मायाको अति जोखिमपूर्ण अर्वस्थाको सामान्य परीक्षणबाटै पत्ता लाग्थ्यो र रक्त अल्पताको पनि नियन्त्रण गर्न सकिन्थ्यो । पटक पटक रगत बग्ने कुरा थाहा पाए पछि समयमा नै (राम्रै अवस्थामा) नजिकको अस्पतालमा लगेर उपचार गर्न सकिन्थ्यो । श्रीमती कान्छी मायालाई त्री सेवा उपलब्ध नभएको हुनाले मृत्युको बाटोमा हिंडी रहनु पर्‍यो ।







उनी यस्तो खतरापूर्ण अवस्थामा पुगिन जुन अवस्था उनका लागि जीवन मरणको सवाल थियो । यस्तो अवस्थामा धेरै रगत जाने, रक्तचाप बढ्ने, प्रजनन अङ्गको संक्रमण, अवरोधपूर्ण प्रसव, जटिलतापूर्ण गर्भावस्था, गर्भ तुहुनु र अरु गम्भिर अवस्थाहरु समेत देखा पर्दछन्।





अन्ततः श्रीमती कान्छी माया खतरापूर्ण र ज्यादै जटिल अवस्थामा पुगिन, जुन अवस्था प्रशव हुनु भन्दा पहिले रक्तश्रावका कारणबाट उत्पन्न हुन्छ ।




यति भइसके पनि अन्तिम उपाय गर्न सकिन्थ्यो । यदि उनले अस्पतालमा राम्रो सेवाहरु पाएकी भए र उनको जीवनलाई नै चुनौती दिने गम्भीर अवस्थाको उचित व्यवस्थापन भएको भए श्रीमती कान्छी माया अहिले बाँचेकी हुन्थिन् । उनको अन्तिम उपायको मौका पनि गुम्यो र मृत्यु पनि भयो ।




यो श्रीमती कान्छी मायाको लागि ज्यादै अप्ठयारो अनि खतरापूर्ण मातृ मृत्युको बाटोमा दूभाग्यपूर्ण यात्रा थियो । हामीहरुलाई यो दुखदायी यात्राले कसरी महिलाहरुको मृत्यु हुन्छ र कसरी उनीहरुलाई मृत्युको बाटोबाट उद्धार गर्न सकिन्छ भन्ने कुरा बुझाएको छ । यी उपायहरुद्वारा महिलाहरुलाई मृत्युको बाटोमा जानबाट बचाउन सकिन्छ । सुरक्षित मातृत्वका सफल रणनीतिहरुमा आमाहरुलाई मृत्यु हुनबाट बचाउने प्रत्येक उपायहरुलाई उत्तिकै महत्वका साथ अपनाएर आमाहरुलाई मृत्युको मुखबाट बचाउन निश्चित रुपमा सम्भव हुन्छ ।



अहिले श्रीमती कान्छी माया जस्तै अन्य लाखौं महिलाहरु मातृ मृत्युको बाटोबाट गुज्रिरहेका छन् । आमाहरुलाई बचाउन आवश्यक छ, बचाउन पनि सकिन्छ र बचाउनै पर्छ ।



सुरक्षित मातृत्व

स्वस्थ गर्भावस्था • सुरक्षित प्रसव • स्वस्थ बच्चा

२०५३

सुरक्षित मातृत्व

स्वस्थ गर्भावस्था • सुरक्षित प्रसव • स्वस्थ बच्चा

**<u>सुत्केरी गराउँदा ध्यान दिनुपर्ने ६ वटा बुँदाहरु</u>**

१) हातको नङ छोटो र सफा राख्ने

२) राम्रोसंग हात सफा गर्ने

३) बच्चा जन्माउने ठाँउ (भूँई) सफा गर्ने

४) महिलाको बच्चा जन्माउने अंग वरिपरि सफा गर्ने

५) सफा धागोले नाल बाँध्ने

६) सफा औजारले मात्र नाल काट्ने